दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दक्षिणकाली मन्दिर व्यवस्थापन शाखा

फर्पिङ, काठमाडौं, बागमती प्रदेश

## दोपाया, चौपाया खुईल्याउने (सफा गर्ने) सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७७/०३/०७)**

यस दक्षिणकाली नगरपालिका अन्तर्गत दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिलबन्दी बोलपत्रको माध्यमबाट देहायका दोपाया, चौपाया खुईल्याउने (सफा गर्ने) कामको लागि उक्त काम गर्न इच्छुक बोलपत्र दाताहरुले यो सूचना प्रथम पटक प्रकाशित मिति देखि ३०(तीस) औं दिनको कार्यालय समयभित्र सम्पर्क गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ । थप विवरण यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्र. स. | ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर रु. | लागत अनुमान (मु.अ.क. सहित) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७६/७७/०१ दक्षिणकाली मन्दिर | दोपाया, चौपाया खुईल्याउने (सफा गर्ने) | ३००० /- (तीन हजार) | ५०,७२,१००/- (पचास लाख बहत्तर हजार एक सय) | १,२७,०००/- (एक लाख सत्ताईस हजार) | |

**दक्षिणकाली मन्दिर व्यवस्थापन शाखा**

**Published on: 2077-03-07 (21th June, 2020, Annapurna Post)**

## दक्षिणकाली नगरपालिकाको कार्यालय
### दक्षिणकाली मन्दिर व्यवस्थापन शाखा
### दक्षिणकाली, काठमाण्डौ

**दोपाया चौपाया खुईल्याउने (सफा गर्ने) सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचना**
**प्रथम पटक प्रकाशित मिति २०७७/०३/०७**

यस दक्षिणकाली मन्दिर व्यवस्थापन शाखा कार्यालयबाट आ.ब.२०७७/०७८ का लागी मिति २०७७/०३/०५ गतेको निर्णय बमोजिम दोपाया चौपाया खुईल्याई लादी सफा गरी टुका समेत गर्ने कार्यको ठेक्का बन्दोबस्त तपसिल बमोजिमको दररेटमा ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्र दाताको नवीकरण भएको दर्ता प्रमाण पत्र, कारवाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्वी कर, नागरिकताको प्रमाणपत्र प्रतिलिपी तथा २०७५/०७६ सम्मको कर चुक्तको प्रमाणित प्रतिलिपी पेश गरी ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपुर्वकको सिलबन्दी बोलपत्रमा भाग लिनका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

क) न्यूनतम बार्षिक रकम :

| सिनं | कार्य विवरण | न्यूनतम बार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | दोपाया चौपाया खुईल्याउने ठेक्का | ५०,७२,१००/- | पचास लाख बहत्तर हजार एक सय रुपैया मात्र। | |

ख)दररेट

| सि.नं | कार्य विवरण | दररेट (कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | बोका, थुमा खुईल्याई लादी सफा गरी टुका समेत गर्ने कार्य। | ६५०/- (छ सय पचास रुपैया मात्र ) | |
| २ | हासँ, कुखुरा खुईल्याई लादी सफा गरी टुका समेत गर्ने कार्य | ७५/-(पचहत्तर रुपैया मात्र ) | |

शर्तहरु:

१) बोलपत्र खरिद अवधि:-२०७७/०३/०७ देखि २०७७/०४/०५ सोमबार कार्यालय समयभित्र।

२) बोलपत्र बुझाउने मिति :-बोलपत्रमा खरिद भएको मिति देखि २०७७/०४/०६ मंगलबार दिनको १२:०० बजेसम्म।

३) बोलपत्र खोलिने मिति र समय:-२०७७/०४/०६ मंगलबार दिनको २:०० बजे।

४) बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपश्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

५) बोलपत्र फारम साथ **धरौटी वापत(मु.अ.कर समेत)** कवोल अंकको **२.५%(दुई दशमलबपाँच) प्रतिशत** हुन आउने रकम **साविक दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको** राष्ट्रिय वाणिज्य बैंक ,फर्पिङ शाखाको धरौटी खाता



सुन्दर कुमार थापा
शाखा प्रमुख

नं.१२०००००२३७/०१ मा रकम जम्मा गरेको सक्कलै भौचर **वा** सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

६) बोलपत्रदाताले बोलपत्र पेश गर्दा खामलाई सिलवन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं .र अर्कोतर्फ **दोपाया चौपाया खुईल्याई लादी सफा गरी टुका समेत गर्ने कार्यको** शुल्क/दस्तुर उठाउने सम्वन्धमा पेश गरेको बोलपत्र **फाराममा दक्षिणकाली मन्दिर व्यवस्थापन शाखा भनेर** स्पष्टसंग लेख्नु पर्नेछ तथा बोलपत्रसाथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ ।

७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा **जुन अंक वा अक्षर बढी छ सोही रकमलाई** मान्यता दिइने **छ** ।

**८) बोलपत्र दिँदा कुनै प्रकारको शर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।**

९)ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०७८ असार मसान्तसम्म रहनेछ र सो सम्झौता भएको मितिबाट बाँकी अवधि देखि २०७८ आषाढ मसान्तसम्मलाई एक आर्थिक वर्ष मानिनेछ ।

१०)ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा र स्वीकृत कबोल अंकको २५ % रकम नगदै (**यस** दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाको **संचित कोष खातामा जम्मा गर्ने**) तथा बाँकी ७५ % रकमको हकमा यस दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकको मिति २०७८।०५।३० सम्म अवधि रहेको बैंक ग्यारेन्टी(कार्यसम्पादन जमानत) पेश **गर्नु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ ।यसरी असुलउपर गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।**

११)ठेक्कामा कवोल गरेको रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट भूक्तानी गरेमा सो कवोल अंकमा १० % छुट दिइनेछ । **तर भ्याट रकममा भने छुट दिइने छैन ।**

१२)ठेक्का रकम एकमुष्ठ भूक्तानी गर्न नसक्ने स्वीकृत बोलपत्रदाताले बाँकी रकम दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाले तोकेको अवधि भित्र ३)तीन (किस्तामा बुझाउनु पर्नेछ । किस्ता रकम बुझाउँदा मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा र सो बाहेकको किस्ता रकम दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । **धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुण बमोजिम फिर्ता गरिनेछ ।**

**१३)आ.व.२०७७/०७८ मा मन्दिर बन्द भए वा नभएमा पनि ठेक्का कवोल अंकमा कुनै परिवर्तन हुने छैन ।**

१४)ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

१५)कारोवार गर्दा बालश्रमिक प्रयोग गर्न तथा वातावरणमा प्रतिकुल असर पार्ने प्रविधि अपनाउन पाइने छैन ।

१६)बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

१७)स्वीकृत बोलपत्र दाताले उठाउने शुल्क/दस्तुर मन्दिर व्यवस्थापन शाखाले तोकिएको स्थानबाट नै उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकिएको विवरण भएको साइनबोर्ड सबैले देख्नेगरी राख्नुपर्नेछ , सि.सि. क्यामराबाट पनि कामको निगरानी गर्नेछ साथै माईकिङ्गबाट पनि दररेट बारे सु-सुचित गराइने छ ।

१८)ठेक्का कवोल गर्ने बोलपत्र दाताले कार्यालयले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाइ यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरिएको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । नियमानुसार प्रयोग गएिका रसिदहरुबाट आम्दानी गरिएकोमा रकम आय खातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं.को क्रम अनुसार लेखाकंन गरि खाता र रसिद मासिक रुपमा अर्को महिनाको सात गतेभित्र यस शाखामा बुझाउनु पर्नेछ ।

१९) म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । कालोसुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

२०)स्वीकृत बोलपत्रदाताले बन्द, हड्ताल ,महामारी र दैवीप्रकोप र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

२१)प्रचलित कानुन, सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२२)दक्षिणकाली नगरपालिकाले समयसमयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोलपत्र दाताको कर्तव्य हुनेछ

२३)कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

२४)यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृती पश्चात दक्षिणकाली मन्दिर व्यवस्थापन शाखामा हुने सम्झौता बमोजिम हुनेछ ।

२५)बोलपत्र फाराम बिकी , दाखिला तथा खोलिने कार्य दक्षिणकाली मन्दिर व्यवस्थापन शाखाको कार्यालयबाट हुनेछ ।

२६)शर्त तथा अपूर्ण भएको शिलबन्दी बोलपत्र फारामलाई मान्यता दिईने छैन ।

२७) बोलपत्र दाताले तपसिलमा उल्लेख गरेको न्यूनतम बार्षिक रकम भन्दा कम उल्लेख गरेमा मान्यता दिईने छैन

२८)सूचना सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईट www.dakshinkalimun.gov.np मा समेत हेर्न सकिनेछ । थप कुरा वुझ्न परेको खण्डमा यस कार्यालयको सम्पर्क नं .०१-४७१०६१८, ०१-४७१००१५ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

दक्षिणकाली नगरपालिका,

सुन्दर कुमार थापा
शाखा प्रमुख